# ललितपुर महानगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## पुल्चोक,ललितपुर, ३ नं प्रदेश, नेपाल
## सेवा करारका लागि दरखास्त आह्वान
### प्रथम पटक सूचना प्रकाशन मिति:२०७६/०९/०९
### दरखास्तको अन्तिम मिति : २०७६/०९/२३

यस महानगरपालिका नगर कार्यपालिकाको निर्णय अनुसार महानगरपालिका अन्तर्गत नगर प्रहरी पदले गर्ने कार्य सेवा करारबाट गराउने निर्णय भएकाले योग्यता पुगेका इच्छुक उम्मेदवारहरूबाट यो सूचना प्रकाशन भएको मितिले १५(पन्ध्र) दिनभित्र यस महानगरपालिका नगर कार्यपालिकाको कार्यालय पुल्चोक ललितपुरमा कार्यालय समयमा ३ (तीन) प्रति फोटोसमेत टाँस गरी रीतपूर्वकको दरखास्त दिनुहुन यो सूचना प्रकाशन गरिएको छ ।

**१) विज्ञापन नम्बर र सेवा सम्बन्धी विवरण**

| वि.नं. | सेवा करारमा लिने | | आवश्यक सङ्ख्या |
|---|---|---|---|
| | पद | तह | |
| १६/०७६/७७ | नगर प्रहरी | श्रेणी बिहीन | ५० (पचास) |

**२)अन्य विवरण**

- **परीक्षाको किसिम** : शारीरिक नाप, दौड  र अन्तर्वार्ता ।
    - पहिलो चरण : उम्मेदवारको आवश्यक न्यूनतम योग्यतामा उल्लेख भए बमोजिम उँचाई, छाती र तौल भएको वा नभएको प्रयोगात्मक परीक्षण गरिने छ ।
    - पहिलो चरणमा उँचाई, छाती र तौल पूरा पाइएका उम्मेदवारहरूलाई दोस्रो चरणको दौडमा सामेल गराइने छ । शारीरिक नापका लागि तोकिएको मापदण्ड पूरा नभएका उम्मेदवारलाई दौड परीक्षामा समावेश गरिने छैन ।
    - दौडमा सामेल गराइएका सबै उम्मेदवारहरूले पुरुष उम्मेदवारहरूको हकमा १२ मिनेट र महिला उम्मेदवारहरूको हकमा १४ मिनेटभित्र २ किलोमिटर दूरी पूरा गर्नु पर्ने छ ।
    - तोकिएको समयभित्र दौड पूरा गर्ने उम्मेदवारहरूका लागि १०० पूर्णाङ्कको अन्तर्वार्ता हुने छ । दौड परीक्षामा असफल उम्मेदवारलाई अन्तर्वार्ता परीक्षामा समावेश गरिने छैन ।
- **परीक्षाको मिति र केन्द्र :** दरखास्त दिने अन्तिम म्याद समाप्त भएको भोलिपल्टबाट एक हप्ताभित्र महानगरपालिकाको सूचना पाटीमा टाँस गरी महानगरपालिकाको website www.lmc.gov.np मा समेत राखिने छ ।
- **परीक्षा दस्तुर** : परीक्षा दस्तुर रु ५००/- हुने छ ।
- **दरखास्त पाइने स्थान** : दरखास्त फाराम ललितपुर महानगरपालिका नगर कार्यपालिकाको कार्यालय पुल्चोक ललितपुरबाट रु. १००/- (एक सय रुपैयाँ) तिरी प्राप्त गर्न सकिने छ । साथै, त्यस्तो दरखास्त फाराम महानगरपालिकाको website www.lmc.gov.np बाट पनि download गर्न सकिनेछ ।
- **दरखास्त र परीक्षा दस्तुर बुझाउने ठाउँ र समय :** ललितपुर महानगरपालिका कार्यालयको राजस्व प्रशासन महाशाखामा कार्यालय समयभित्र बुझाउन सकिने छ ।
- **दरखास्त दिने अन्तिम मिति :** वि. सं. २०७६/०९/२३ गतेसम्म ।  दरखास्त दिने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा सोको भोलिपल्ट कार्यालय खुलेको दिन दरखास्त फारम बुझाउन सकिने छ ।
- **उम्मेदवारको उमेरको हद** : दरखास्त दिने उम्मेदवारको उमेर दरखास्त दिने अन्तिम मितिसम्ममा १८ वर्ष पूरा भई ३५ वर्ष ननाघेको हुनुपर्ने छ ।

- **आवश्यक न्यूनतम योग्यता :**
  १ शैक्षिक योग्यता : कम्तीमा ८ (आठ) कक्षा वा सो सरह उत्तीर्ण गरेको ।
  २ नैतिक पतन देखिने फौजदारी अभियोगमा सजाय नपाएको,
  ३ राजनैतिक दलको सदस्य नरहेको,
  ४ भविष्यमा सामान्यतया सरकारी नोकरीको निमित्त अयोग्य ठहरिने गरी नोकरीबाट बर्खास्त नभएको,
  ५ शारीरिक रूपमा तन्दुरुस्त, आँखा माइनस २ वा प्लस २ भन्दा बढी कमजोर नरहेको र गम्भीर अङ्गभङ्ग नभएको स्वधोषणा गर्ने ।
  ६ नेपाली नागरिक ।
  ७ उँचाई, छाती र तौल :
  (क) पुरुष : उँचाई घटीमा ५ फिट २ ईन्च, छाती ३१-३३, तौल ५० के.जी.
  (ख) महिला : उँचाई घटीमा ५ फिट, तौल ४२ के.जी.
- **दरखास्तसाथ उम्मेदवार आफैंले प्रमाणित गरी पेश गर्नुपर्ने कागजात :**
  क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि
  ख) शैक्षिक योग्यताको लब्धाङ्कपत्र
  ग) शारीरिक रूपमा तन्दुरुस्त, आँखा माइनस २ वा प्लस २ भन्दा बढी कमजोर नभएको र गम्भीर रूपमा अङ्गभङ्ग नभएको स्वघोषणा गरी दस्तखत गर्ने । तर, अन्तर्वार्ता समेतबाट सेवा करार नियुक्तिका लागि छनोट भएका उम्मेदवारले महानगरपालिका संग सेवा करार गर्नुअघि रजिष्टर्ड स्वीकृत प्राप्त चिकित्सकबाट सो विषयमा लिखित रूपमा प्रमाणित गरेको कागजात पेश गर्नुपर्ने छ ।
- **शारीरिक नाप र दौड हुने मिति :** दरखास्त दिने अन्तिम मिति समाप्त भएको भोलिपल्टबाट ७ दिनभित्र महानगरपालिकाको सूचनापाटीमा टाँस गरी जानकारी गराइनेछ ।
- **अन्तर्वार्ता हुने मिति :** शारीरिक नाप पश्चात दौडमा सामेल गराई तोकेको समय आवधिभित्र दौड पूरा गर्ने उम्मेदवारहरूलाई मात्र अन्तर्वार्ता मा सामेल गराईनेछ । अन्तर्वार्ता को मिति दौड परीक्षा समाप्त भएपछि महानगरपालिकाको सूचनापाटीमा यथाशक्य छिटो प्रकाशन गरिने छ।
- **तलब** : सम्बन्धित पद/तहले पाउने सुरु तलब स्केल ।
- **सेवा करारमा रही काम गनुपर्ने स्थान र कामको विवरण :** ललितपुर महानगरपालिकाले तयार गरेको कार्य विवरणमा उल्लेख भएबमोजिम नगर प्रहरीले गर्ने कार्य ।

**द्रष्टव्य :**

(क) तोकिएको म्यादभित्र पेश नभएको वा न्यूनतम योग्यता नपुगेको वा दरखास्तसाथ पेश गर्नुपर्ने कागजात संलग्न नगरेको वा तोकिएको अन्य विवरण नखुलेको वा तोकिएको दस्तुर नबुझाएको दरखास्त स्वीकृत गरिने छैन । स्वीकृत भइसकेको दरखास्त फारम छानबिनका क्रममा रित नपुगेको पाइएमा त्यस्तो दरखास्त कुनै पनि समय अस्वीकृत हुनेछ ।

(ख) शारीरिक नाप तथा दौडका लागि महानगरपालिकाले तोकेको स्थान, मिति र समयमा उम्मेदवार उपस्थित हुनु पर्नेछ । तोकिएको मिति, समय र स्थानमा उपस्थित नहुने उम्मेदवारहरूका लागि पछि कुनै किसिमको थप व्यवस्था गरिने छैन ।

(ग) अन्तर्वार्ता हुने दिन उम्मेदवारले दरखास्तसाथ पेश गरेका कागजातको सक्कलै प्रति साथमा लिई अन्तर्वार्ताको लागि तोकिएको समयभन्दा १(एक) घण्टा अगावै तोकिएको स्थानमा उपस्थित भई सबै सक्कल कागजात पेश गरी रुजु गराउनुपर्ने छ । अन्तर्वाता अघिका शारीरिक नाप तथा दौडमा सम्मिलित हुन आउँदा पनि उम्मेदवारले प्रवेशपत्र लगायतका कागजात लिई आउनु पर्ने छ ।

(घ) दरखास्त दिने अन्तिम मितिभित्र निर्धारित शैक्षिक योग्यता हासिल गरिसकेको हुनुपर्ने छ ।

(ङ) उम्मेदवारले यस सम्बन्धमा थप कुनै कुरा बुझ्नु परेमा कार्यालयको सामान्य प्रशासन महाशाखामा सम्पर्क गरी बुझ्न सकिने छ । यस सम्बन्धी जानकारी महानगरपालिकाको वेवसाइट www.lmc.gov.np मा पनि उपलब्ध हुने छ ।

ङ) यस विज्ञापनका सम्बन्धमा जारी हुने थप सूचना तथा संशोधन आदि विषय महानगरपालिकाको वेवसाइट www.lmc.gov.np मा पनि राखिने भएकाले दरखास्त दिने उम्मेदवारले नियमित रूपमा वेवसाइट हेर्नहुन जानकारी गराइन्छ ।